हिमालयन एभरेष्ट
इन्स्योरेन्स लिमिटेड

प्रधान कार्यालय : थापागाउँ, जि.पि.ओ.बक्स १४८, काठमाण्डौ, नेपाल
फोन नं. ५२४५०९०, फ्याक्स: ५२४५०९९,
इमेल: ktm@hei.com.np, www.hei.com.np

# निक्षेपकर्ता/ऋणी बीमालेख

अनुसूचीमा उल्लेखित प्रस्तावकबाट ..........इन्स्योरेन्स कं लि. (यसपछि बीमक भनिएको) लाई प्राप्त प्रस्ताव, आवश्यक कागजात, विवरण र उद्घोषणमा उल्लेखित विषयमा सहमत भई स्वीकार गरिएको तथा बीमाशुल्क समेत प्राप्त भएकोले बीमा अवधि भित्र बीमालेख अन्तर्गत कुनै दाबी परेमा बीमालेखको अधिनमा रही प्रस्तावक (संस्था) लाई क्षतिपूर्ति रकम भुक्तानी गर्न बीमक मन्जुर गर्दछ। यस बीमालेख अन्तर्गत संस्थाले आफ्ना बीमित (निक्षेपकर्ता, सदस्य वा ऋणी) को घातक रोग बीमा (Critical Illness) वा दुर्घटना बीमा वा औषधोपचार बीमा वा एक भन्दा बढी बीमा सुरक्षण प्राप्त गर्न सक्नेछ।

## खण्ड १ : सामूहिक दुर्घटना बीमालेख

यस बीमालेख बहाल रहेको अवधिभर कुनै पनि समयमा बीमित सदस्यलाई कुनै प्रबल, बाहिरी तथा देख्न सकिने माध्यमबाट हुनगएको दुर्घटनाको एकमात्र वा प्रत्यक्ष कारणबाट मृत्यु वा कुनै शारीरिक अंगभंग हुन गएमा कम्पनीले यस बीमालेखको अनुसूचीमा उल्लेखित सुविधाहरुको अधिनमा रही देहाय बमोजिमको लाभको तालिकाको अनुसार भुक्तानी दिइनेछ।

**लाभको तालिका**

| खण्ड | घटना | लाभ |
|---|---|---|
| | **दुर्घटना घटेको १८३ दिन भित्र त्यस्तो दुर्घटनाको एक मात्र वा प्रत्यक्ष कारणबाट बीमितको** | |
| (क) | मृत्यु भएमा | बीमाङ्क रकमको १००% |
| (ख) | स्थायी पूर्ण अशक्तता भएमा<br>अ) निको नहुने गरी दुवै आँखाको दृष्टि पूर्ण क्षति भएमा, वा<br>आ) दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रुपले काम नलाग्ने भएमा, वा<br>इ) एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि र एउटा आँखाको दृष्टि पूर्ण रुपले क्षति भएमा | बीमाङ्क रकमको १००% |
| (ग) | स्थायी आंशिक अशक्तता भएमा<br>अ) एउटा आँखाको दृष्टि पूर्ण रुपले क्षति भएमा, वा<br>आ) एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रुपले काम नलाग्ने गरी क्षति भएमा, वा<br>इ) बोल्ने क्षमता पूर्ण रुपले क्षति भएमा<br>ई) दुवै कानको सुन्ने शक्ति पूर्ण रुपले क्षति भएमा | बीमाङ्क रकमको ५०% |
| घ) | अन्य कुनै अंग भंग भएमा | सम्बन्धित बिशेषज्ञले शारीरिक क्षतिको समानुपातिक हुने गरी निर्धारण गरेको बीमाङ्कको प्रतिशत। |

**द्रष्टव्य :**

क) माथि उल्लेख भएको हात, खुट्टा वा आँखाको दृष्टिको क्षति भई भविष्यमा निको हुने वा नहुने यकिन हुन नसकेको अवस्थामा दुर्घटना भएको दिन देखि १८३ दिन सम्म निको नभएमा पूर्ण रुपले क्षति भएको मानिनेछ।

ख) माथि उल्लेखित एक भन्दा बढी दावी योग्य घटनाहरु भएमा प्रत्येक घटनाको लागि निर्धारित रकम कूल भुक्तानी रकम सम्बन्धित बीमितको बीमाङ्क रकम भन्दा बढी हुने छैन ।

**१.१ दावी नपाइने अवस्थाहरु (अपबाद)**

देहायको अवस्थामा दावी भुक्तानी गरिने छैन :

१ जानी जानी आफैले लगाएको चोट, आत्महत्या वा आत्महत्याको प्रयास

२ मादक पेय, लागू पदार्थ औषधि वा उन्मादक पदार्थको सेवनको कारणबाट

३ प्रचलित कानुन बमोजिम अनुमति प्राप्त हवाई जहाज वा तातो हावाको मदतबाट उड्ने बेलुनमा यात्रीको रुपमा यात्रा गर्दा बाहेक,

४ घोडा दौड, बन्जी जम्पिङ्ग, प्यारा ग्लाइडिङ्ग, साइकल, मोटर साइकल वा अन्य कुनै प्रकारको सवारी साधानको दौड, पर्वतारोहण, हिँउमा खेलिने खेलहरु लगायत कुनै पनि प्रकारका जोखिमपूर्ण खेलहरुमा संलग्न भएमा,

५ कूनै कानून उल्लंघन गर्दा उत्पन्न भएको वा सो को परिणाम स्वरुप भएको घटना

६ दुर्घटनाबाट नभई भएको उदवेग वा स्नायू सम्बन्धी चोट वा खराबी,

७ मानव जीवन रक्षा गर्ने प्रयास बाहेक अनावश्यक खतरा मोल्ने काय

८ युद्ध, अतिक्रमण, बिदेशी सैन्य कारवाही, घोषित वा अघोषितं, गृह युद्ध, सैनिक बिद्रोह, राज्य क्रान्ती तथा युद्ध समानका घटनाहरु,

९ आणबिक बिकिरण वा आणबिक इन्धनको ज्वलन पछि शेष रहेको पदार्थबाट निस्कने रेडियो धर्मिता, आणबिक हातहतियार वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भएको घटना,

१० बीमामा समावेश भएको दुर्घटनाको परिणाम स्वरुप हुने कुनै पनि क्षति (Consequential Loss of any nature)

## खण्ड २ : औषधोपचार बीमा

यस बीमालेखमा उल्लेख गरिएका शर्त, सुविधा तथा अपवादका अधिनमा रही बीमितलाई कुनै रोग लागेमा वा दुर्घटना भई शारीरिक चोटपटक लागेमा, त्यस्तो रोग वा चोटपटकको निदानको लागि चिकित्सकको सिफारिसको आधारमा अस्पताल भर्ना भई वा नभई उपचार गर्दाको बास्तविक र आवश्यक रुपले खर्च भएको रकम बीमालेखको अनुसूचीमा उल्लेख भएको रकममा नबढ्ने गरी देहायका शर्तहरुको अधिनमा रही बीमितलाई भुक्तानी गरिनेछ ।

**२.१ बीमाङ्कको हद:**

अस्पताल भर्ना – रु ८०,००० (रुपैंया असि हजार सम्म)

ओ.पि.डी सेवा– रु २०,००० (रुपैंया बीस हजार सम्म)

**२.२ दावी नपाइने अवस्थाहरु (अपबाद) :**

क) यस बीमालेखमा स्पष्ट रुपले अर्को व्यवस्था उल्लेख नभएसम्म निम्न अवस्थामा गरिएका वा निम्न अवस्थासँग सम्बन्धित उपचार खर्च व्यहोरिने छैन ।

१ युद्ध, अतिक्रमण, बिदेशी सैन्य कारवाही, घोषित वा अघोषितं, गृह युद्ध, सैनिक बिद्रोह, राज्य क्रान्ती तथा युद्ध समानका घटनाहरु,

२ आणबिक बिकिरण वा आणबिक इन्धनको ज्वलन पछि शेष रहेको पदार्थबाट निस्कने रेडियो धर्मिता, आणबिक हातहतियार वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भएको घटना,

३ होशमा भई वा नभई गरेको आत्म घात वा आत्महत्याको प्रयास,

४ लागु पदार्थ वा मादक पदार्थ वा नसालु पदार्थको कुलतबाट हटाउन/छुटाउनको लागि गरिएको उपचार खर्च,

५ मोटोपन वा अत्याधिक मोटोपनको उपचार वा तौल नियन्त्रण कार्यमा गरिएको खर्च,

६ मानसिक रोग, सन्ताप, मानसिक वा मनोवैज्ञानिक विचलनको उपचारमा लागेको कुनै पनि खर्च,

७ यौनरोग, यौन सम्बन्धबाट सर्ने रोगहरु जस्तै एड्स (एक्वाइर्ड इम्यून डिफिसियन्सि सेन्ड्रम) वा एचआइभि (ह्युमन इम्यून डेफिसियन्सि भाइरस) संक्रमण र यसबाट हुनसक्ने रोगहरु जस्तै एआरसि (एड्ससंग सम्बन्धित जटिलता), मस्तिष्कमा हुने लिम्फोमास, मस्तिष्कमा हुने क्यान्सर (कपोसि सार्कोमा), क्षयरोग,

८ गर्भावस्था (स्वैच्छिक गभर्पतन सहित), गर्भपात (दुर्घटना वा बिमारीको कारणवाट वाहेक), मातृत्व वा बालबालिकाको जन्म सुत्केरी सम्बन्धी (शल्यक्रिया सेवा समेत),

९ बाझोपना हटाउन वा गर्भाधारण गर्नका लागि गरिने उपचार वा उपचारको प्रकृया वा सट्टा आमा ( सरोगेट मदर) को रुपमा बच्चा जन्माउने लगायत गर्भ निरोधक औषधि वा सामाग्रीको आपूर्ति, प्रयोग वा सेवाहरु उपभोग गर्दा उब्जीएका जटिलताहरुसंग सम्वन्धित उपचार,

१० अस्पताल भर्ना नभइ गरिने दन्त उपचार एवं अन्य कुनै प्रकारको शल्य किया उपचार,

११ कुनै दुर्घटनाका कारणले भएको घाउ, चोटपटक वा रोगको कारण उत्पन्न समस्याको उपचारको क्रममा चिकित्सकद्धारा प्लाष्टिक एंव कस्मेटिक सर्जरी गर्नु पर्ने भनि प्रमाणित भएको अवस्थामा बाहेक अन्य अवस्थामा गरिने अंगको पुनर्बनोट तथा सुन्दरता सम्बन्धि उपचार वा शल्यक्रियाहरु,

१२ श्रवण प्रयोजनको लागि प्रयोग गरिने उपकरणहरु, चस्मा वा क्न्ट्याक्ट लेन्स (आँखा सम्बन्धि थेरापि समावेश गरिएको), कृत्रिम अंग, वैशाखि, वा अन्य बाह्य उपकरणहरु,

१३ अंग प्रत्यारोपण गर्नुपर्ने अवस्थामा गरिने कुनै पनि खर्चहरु

१४ आत्महत्याको प्रयास वा अन्य जुनसुकै कारणबाट जानीजानी आफैलाई चोट लगाउने, मादक पदार्थ वा रक्सी सेवन गर्ने, दुरुपयोग र दुर्व्यवहारबाट हुने चोटपटक वा विमारी,

१५ बदनियत पूर्वक वा आपराधिक मनसायले बीमितले कानुन उल्लंघन हुने आचरण गर्दा वा त्यसको परिणामबाट निजलाई भएको रोग वा चोटपटक,

१६ अंगदान गर्ने व्यक्तिको छनोट, उपचारलगायत प्रत्यारोपण शल्यक्रियामा सो दाताबाट अंग हटाउन गरिने शल्यक्रिया,

१७ एलोपेथिक उपचार पद्धति बाहेक अन्य उपचार पद्धति,

१८ अस्पताल भर्नाको वा सो को परिणाम स्वरूप हुने वा अप्रत्यक्ष नोक्सानी वा खर्चहरू ।

## खण्ड ३ : घातक रोग ( Critical Illness)

यस बीमालेखमा उल्लेख गरिएका शर्त, सुविधा तथा अपवादका अधिनमा रही बीमा अवधि भित्र करार जारी भएको ९० दिनको प्रतिक्षा अवधि पछि बीमितलाई कुनै घातक रोगहरु लागेको चिकित्सकबाट प्रमाणित भएमा बीमाङ्क रकम भुक्तानी गरिनेछ ।

यस बीमालेखले रक्षापरण गर्ने घातक रोगहरु निम्न बमोजिम रहेका छन् :

| क.सं. | रोगहरुको नाम | Name of Diseases |
|---|---|---|
| १ | अर्बुद रोग | Cancer |
| २ | अन्तिम अवस्थाको किड्नी निस्क्रियता | End Stage Renal Failure requiring regular Dialysis |
| ३ | शरीरको स्नायु तन्त्रमा हुने खराबी वा मल्टिपल स्क्लेरोसिस | Multiple sclerosis with persisting symptoms |
| ४ | दिमागको ट्युमर | Benign brain tumor |
| ५ | नशा सम्बन्धी रोग पार्किन्सन | Parkinson's Disease |
| ६ | अन्तिम अवस्थाको लिभरको रोग | End Stage Liver Disease |
| ७ | नशाको कार्यक्षमता ह्रास हुदै जाने रोग अल्जाईमर्स | Alzheimer's Disease |
| ८ | शरिरको अत्यावश्यक मुख्य अंग वा बोन म्यारोको प्रत्यारोपण | Major organ /bone marrow transplant |
| ९ | मुटुको भल्व प्रतिस्थापन वा मर्मत गर्ने कार्य | Heart valve replacement or repair |
| १० | मुटुको रक्तनलीको बाइपास शल्यकिया | Coronary Artery Bypass Graft |
| ११ | शरीरको मुख्य धमनी (मुटु देखि पेट सम्म) को शल्यकिया | Surgery of Aorta |

| | | |
|---|---|---|
| १२ | स्थायी रुपमा रहने स्ट्रोक (मस्तिष्कको रक्त संचार प्रणालीमा आउने समस्या) वा मस्तिष्क घात | Stroke resulting in permanent symptoms |
| १३ | शरीरको अवयवहरुको स्थायी पक्षघाट | Permanent paralysis of limbs |
| १४ | पहिलो पटक भएको हर्ट एट्याक (हृदयघाट) वा मुटुको रक्त संचार प्रणलीमा आउने समस्या | Myocardial Infraction or First heart attack |
| १५ | अचेत रहने अवस्था 'कोमा' | Coma of specified severity |
| १६ | शरीरको ५०% भन्दा बढी भाग जलेको अवस्था | Major Burns (at least 50% of body surface area) |
| १७ | पूर्ण तथा निको नहुने गरी भएको दुवै कान नसुन्ने अवस्था | Total and Irreversible loss of hearing in both ears |
| १८ | पूर्ण तथा निको नहुने गरी भएको बोल्न नसक्ने अवस्था | Total and Irreversible loss of speech |

* घातक रोग सम्बन्धि विस्तृत विवरण अनुसूची २ मा संलग्न गरिएको छ ।

## ३.१ दावी नपाइने अवस्थाहरु (अपवाद) :

निम्न लिखित अवस्थामा दावी स्वीकार गर्न वा दावी भुक्तानी गर्न बीमक बाध्य हुने छैन :

१ रोगको पहिचान/निदान वा गम्भिर रोग पहिचान भएको विवरण बीमितले बीमकमा पेश नगरेमा,

२ बीमालेख शुरु हुनु भन्दा पहिले देखि नै रहेको वा बीमालेख शुरु भए पछि बीमालेखको अनुसूचीमा उल्लेख भएको प्रतिक्षा अवधि भित्र सिर्जना भएको कुनै पनि प्रकारको अवस्था, शल्यक्रिया, रोग, बिरामीपन ।

## शर्तहरु

१ यस बीमालेखको कुनै भागमा प्रयोग हुने विशेष अर्थ सहितको शब्द वा वाक्यांशको अर्थ जहां जुन अवस्थामा प्रयोग हुन्छ त्यही मान्य हुनेछ ।

२ यस बीमालेख अन्तर्गत दावी योग्य वा दावी हुन सक्ने कुनै घटना घटेमा वा भएमा त्यसको जानकारी यथाशिघ्र बीमितले बीमकलाई दिनुपर्दछ ।

३ यस बीमालेख अन्तर्गत बीमितको तर्फबाट बीमकलाई गरिएको दावी प्रमाणित हुने कागजात बीमक समक्ष पेश नभएसम्म बीमकले यस बीमालेख अन्तर्गत दावी भुक्तानी गर्ने छैन ।

४ यस बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनी उल्लेख भएको मितिमा स्थानीय समय अनुसार रातको बाह्र बजे पछि यस बीमालेखको अवधि समाप्त हुनेछ ।

५ बीमितले जोखिम अनुमान गर्नको लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुट्ठा विवरण उल्लेख गरेमा वा बीमालेखको कुनै पनि शर्त पालना नभएमा यस बीमालेख अन्तर्गत बीमकले दावी भुक्तानी गर्ने छैन ।

६ कुनै दावीको सिलसिलामा झुट्ठा बयान दिई बीमितले वा निजको तर्फबाट अधिकार प्राप्त व्यक्तिले यो बीमालेख अन्तर्गत कुनै अनुचित लाभ उठाउन खोजेमा, यस बीमालेख अन्तर्गतको सबै लाभबाट बीमित वंचित हुनेछ ।

७ यस बीमालेख अन्तर्गत बीमा दावी सम्बन्धी कुनै विवाद उत्पन्न भएमा प्रचलित बीमा ऐन बमोजिम हुनेछ ।

## परिभाषा

**दुर्घटना** भन्नाले कुनै पनि बाहिरी आँखाले देख्न सकिने र सांघातिक माध्यमबाट आकस्मिक वा अप्रत्यासित घटनालाई सम्झनु पर्दछ ।

**संस्था** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई सम्बन्धित निकायबाट ईजाजत पत्र प्राप्त बैंक, वित्तीय संस्था, सहकारी संस्था वा अन्य संस्था सम्झनु पर्छ ।

**अस्पताल** भन्नाले नेपालमा प्रचलित कानूनी व्यवस्था अनुरुप स्वीकृति प्राप्त गरी स्थापना भएर संचालनमा रहेको अस्पतालको मापदण्ड पुरा गरेको संस्थालाई सम्झनु पर्दछ । यस बीमालेख अन्तर्गत ऐलोप्याथिक पद्धतिबाट एलोप्याथिक अस्पतालमा उपचार गरेको अवस्थालाई बुझाउँछ ।

**अस्पताल भर्ना** भन्नाले स्वास्थ्यकर्मीको लिखित सुझाव बमोजिम लगातार कम्तिमा चौबिस घण्टा अस्पतालको उपचार कक्षमा भर्ना भएको अवस्था सम्झनु पर्दछ ।

**चोटपटक** भन्नाले बीमालेख अवधि भित्र दुर्घटनाको प्रत्यक्ष कारणबाट बीमितको शरिरमा उत्पन्न घाउचोट आदिलाई सम्झनु पर्दछ ।

**चिकित्सक** भन्नाले मान्यता प्राप्त मेडिकल संस्थाबाट चिकित्सकको उपाधि हासिल गरि नेपाल मेडिकल काउन्सिलमा दर्ता भई इजाजतपत्र प्राप्त गरेको र इजाजतपत्रमा व्यवस्था गरिए बमोजिम कार्य गर्दै आइरहेको व्यक्तिलाई सम्झनु पर्दछ ।

**बीमालेख** भन्नाले बीमाको करारनामा सम्बन्धी अधिकार तथा दायित्व उल्लेख भएको लिखत सम्झनु पर्छ ।

**बीमा अवधि** भन्नाले यस कम्पनीबाट बीमालेख जारी भएको मिति देखि बीमालेखको अनुसूचीमा स्पष्ट रुपले उल्लेख भएको बीमा समाप्ति मिति सम्मको अवधिलाई सम्झनु पर्दछ ।

**इच्छाइएको व्यक्ति** भन्नाले बीमालेखको अवधि भित्र बीमितको मृत्यु भएको खण्डमा यस बीमालेख अन्तर्गत भुक्तानी रकम प्राप्त गर्नको लागि बीमित व्यक्तिद्वारा इच्छाइएको व्यक्ति वा बीमा ऐन २०४९ बमोजिमको व्यक्ति सम्झनु पर्दछ ।

**शल्यकिया** भन्नाले रोगको पहिचान, रोगको निदान वा दुर्घटनाको कारणबाट शरिरमा परेको असर कम गर्न वा हटाउने उद्देश्यको लागि चिकित्सकले बेहोस पारेर वा लट्ट्याएर (Use of Anaesthesia) हाते उपकरण वा मेशिनको सहायताबाट शरिरमा चिरफार गरेर गरिने उपचार वा प्रकृया भन्ने संझनु पर्दछ ।

**पुर्व विद्यमान अवस्था तथा रोगहरु** भन्नाले बीमालेख जारी गर्नुभन्दा १२ महिना पहिले देखिनै कुनै बिमारी वा चोटपटक वा रोग वा अन्य यस्तै प्रकारको अवस्थाहरुको लक्षण वा चिन्ह देखापरी नियमित रुपमा निराकरणको लागि सम्वन्धित चिकित्सकबाट स्वास्थ्योपचार, सल्लाह वा चिरफार आदि सेवा लिएको सम्झनु पर्दछ ।

**अनुसूची** भन्नाले यस अनुसूची र यसका भागहरु र यसमा राखिएको, जोडिएको वा यसमा संलग्न गरिएको अन्य कुनै कागजपत्रहरु समेतलाई जनाउछ ।

**बीमाङ्क रकम** भन्नाले प्रस्ताव फारममा उल्लेख गरेको रकमलाई सम्झनुपर्छ ।

**बीमित** भन्नाले निक्षेपकर्ता, सदस्य वा ऋणी भन्ने बुझिन्छ ।

# अनुसूची २

## बीमालेख अन्तर्गतका लाभहरु

## Benefits - Critical Illness Insurance

**क) पहिलो पटक पत्ता लागेको तल उल्लेखित रोगहरु:**

१. क्यान्सर (अर्बुद रोगं

२. अन्तिम अवस्थाको किडनी निष्क्रियता

३. मल्टिपल स्क्लेरोसिस (शरीरको स्नायु तन्त्रमा हुने खराबीं)

४. दिमागको ट्यूमर

५. पार्किन्सनस (नशा सम्बन्धी रोग)

६. अन्तिम अवस्थाको लिभरको रोग

७. नशाको कार्यक्षमता न्हास हुदै जाने रोज अल्जाइमर्स

**a) First Diagnosis of the below-mentioned Illnesses**

1. Cancer
2. End Stage Renal Failure
3. Multiple Sclerosis
4. Benign Brain Tumour
5. Parkinson's Disease
6. End Stage Liver Disease
7. Alzheimer's Disease

**ख) तल उल्लेखित पहिलो पटक भएको शल्यक्रिया**

१. शरीरको अत्यावश्यक मुख्य अंगको प्रत्यारोपण

२. मुटुको भल्व प्रतिस्थापन

३. मुटुको रक्तनलीको बाइपास शल्यक्रिया

४. शरीरको मुख्या धमनी (मुटु देखि पेट सम्म) को शल्यक्रिया

**b) Undergoing for the first time of the following surgical procedures,**

1. Major Organ/Bone Marrow Transplant
2. Heart Valve Replacement or Repair
3. Coronary Artery Bypass Graft
4. Surgery of Aorta

**ग) तल उल्लेखित पहिलो पटक भएको स्वास्थ सम्बन्धी घटना**

१. स्ट्रोक (मस्तिष्कको रक्त संचार प्रणालीमा आउने समस्या) वा मस्तिष्क-घात जुन स्थायी रुपमा रहन्छ

२. प्यारालाइसिस (पक्षाघात

३. हर्ट एट्याक (हृदयाघात) वा मुटुको रक्त संचार प्रणालीको समस्या

४. अचेत भएर रहने अवस्थामा 'कोमा'

५. शरीरको ५०% भन्दा बढी जलेको अवस्था

६. पूर्ण तथा निको नहुने गरी भएको दुबै कान नसुन्ने अवस्था

७. पूर्ण तथा निको नहुने गरी भएको बोल्न नसक्ने अवस्था

**c) Occurrence for the first time of the following medical events more specifically described below:**

1. Stroke resulting in Permanent Symptom
2. Paralysis
3. Myocardial Infarction or Heart Attack
4. Coma of Specified Severity
5. Major Burns (at least 50% of body surface area)
6. Total and Irreversible loss of hearing in both ears
7. Total and Irreversible loss of speech

**(क) निम्न अनुसारका विवरण भएका पहिलो पटक पत्ता लागेको तल उल्लेखित रोगहरु**

**(a) First Diagnosis of the below-mentioned Illnesses more specifically described below**

| क्यान्सर (अर्बुद रोग |
|---|

एक रोग जुन Malignant ट्युमर र अनियन्त्रित वृद्धि, Malignant Cell को फैलावट र टिस्युको संक्रमणबाट

| Cancer |
|---|

A disease manifested by the presence of a malignant tumor characterized by the uncontrolled growth and spread of malignant cells, and the invasion of tissue. The term cancer also includes

चिनिन्छ । अर्बुद रोग (Cancer) मा ल्युकेमिया (Blood Cancer) र हडकिन्स रोग जस्ता लिम्फाटिक व्यवस्थाको घातक रोग समेत समावेश हुन्छ । तर निम्न अवस्था यसमा समावेश हुदैन

> पूर्व संक्रमित/घातक, अतिक्रमण नहुने वा T1 (TNM बर्गिकरण सम्मको बर्गमा पर्ने स्तनको अर्बुद रोग (Breast Cancer र प्रोस्टेट ग्रन्थी बढने/ट्युमर,

- ट्युमर जुन इन्डोस्कोपीक प्रक्रियाबाट ठीक हुन्छ ।
- Kaposis Sarcoma ja अरु कुनै मालिगनेन्ट ट्युमर जुन HIV भाइरसँग जोडीएका हुन्छन् ।
- कुनैपनि छालाको क्यान्सर, Invasive, मालिगनेन्ट, मेलानोमा बाहेक
- $T_1 N_o M_o$ प्यापीलेरी, १ सेमी भन्दा कम व्यास भएको थाइराइडको क्यान्सर
- ट्युमर जुन प्राणघातक हुदैन र जसमा शल्यक्रियाको आवश्यकता पर्दैन
- ट्युमर जुन फर्केका छन् जुन यस बीमालेख लागु हुनु भन्दा १८० दिन पहिले देखापरेको थियो ।

leukemia and malignant disease of the lymphatic system such as Hodgkin's Disease,

But excluding:

- All tumors that are histological described as pre-malignant, non-invasive or carcinoma in situ, prostate tumors classified upto T1 (under the TNM classification).
- Tumors treated by endoscopic procedures alone
- Kaposi's Sarcoma or any other malignant tumor in the presence of any Human Immuno-deficiency virus.
- Any skin cancer other than invasive malignant melanoma (starting with Clark Level III)
- $T_1 N_0 M_0$ (under the TNM classification System) papillary carcinoma of the thyroid less than 1 cm in diameter
- Tumors that pose no threat to life and for which no treatment is required
- Tumors that are a recurrence of metastasis of a tumor that first occurred prior to 180 days following the policy start date.

### *अन्तिम अवस्थाको किडनी निष्क्रियता*

दुबै किडनीले निको नहुने गरी काम गर्न छाडेको अवस्था, जसमा नियमित रुपमा डायलाइसिस गर्नुपर्ने हुन्छ, मा किडनी प्रत्यारोपण गर्नु पर्ने हुन्छ ।

### End Stage Renal Failure

End stage renal disease presented as chronic irreversible failure of both kidneys to function, as a result of which either regular renal dialysis (hemodialysis or peritoneal dialysis) is instituted or renal transplantation is carried out.

### मल्टिपल स्क्लेरोसिस (शरीरको स्नायु तन्त्रमा हुने खराबी)

स्नायु बिशेषज्ञ चिकित्सकबाट स्पष्ट रुपमा पत्ता लागेको शरीरको स्नायू तन्त्रमा हुने खराबी (Multiple Sclerosis । यस रोगबाट पीडित बीमितमा नशा सम्बन्धी समस्या/खराबी/बिसंगति कमसेकम ६ महिनादेखि लगातार भइरहेको वा दुई पटक सम्म जाँच गराउदा पनि यो रोग भइरहेको हुनु पर्नेछ ।

माथि उल्लेखित रोगमा डिम्येलिनेशन (Demyelination) को बिशिष्ट लक्षण देखिनु र एमआरआइ (Magnetic Resonance Imaging) मा मोटर र संवेदनात्मक कार्यप्रणाली (Motor and sensory functions) कमजोर/खराब भएको प्रमाणित हुनु पर्छ ।

### Multiple Sclerosis

Unequivocal diagnosis of multiple sclerosis by a consultant neurologist. The Insured must exhibit neurological abnormalities that have existed for a continuous period of at least 6 months or must have had at least two clinically documented episodes.

The above must be evidenced by the typical symptoms of demyelination and impairment of motor and sensory functions as well as by typical MRI findings

### दिमागको ट्यूमर

निम्न लक्षणहरु भएको मगजमा हुने अर्बुदजन्य कोशिका वा गाँठो

१. अर्बुदजन्य कोशिका प्राण-घातक भएको,
२. यसले मगजलाई क्षति गर्न थालिसकेको र
३. यसमा शल्यक्रिया गरिसकिएको वा शल्यक्रिया गर्न नसकिने अबस्थामा रहेको अवस्थामा नशा सम्बन्धी शल्य-चिकित्सकले स्थायी रुपमा नशाको कार्यक्षमता ऱ्हास गर्न थालेको प्रमाणित गरेको,

निम्न अनुसारका अबस्थाहरु समावेश नहुने:
सिस्ट, ग्रानुलोमास, भास्कुलर मालफोर्मेशन, हेमाटोमास, पिट्युटरी ग्लयाण्ड वा मेरुदण्ड वा एकोस्टिक नर्भमा हुने गाँठो वा अर्बुदजन्य कोशिका ।

### Benign Brain Tumour

A benign intracranial tumor where the following conditions are met:

i. The tumor is life threatening
ii. It has caused damage to the brain and
iii. It has undergone surgical removal or, if inoperable has caused permanent neurological deficit certified by a neuro-surgeon

The following are excluded:
Cysts, Granulomas, Vascular Malformations, Haematomas, Tumors of the pituitary gland or spine or tumors of acoustic nerve.

## पार्किन्सन्स (नशा सम्बन्धी) रोग

नशाको कार्यक्षमतामा ह्रास .आई तल उल्लेखित मध्ये कम्तिमा कुनै तीन अवस्थाहरुमा स्थायी रुपमा कार्य गर्न असक्षम भएमा पार्किन्सन रोग भएको हुनेछ ।

१. अन्य कसैको मदत बिना ओछ्यान सुत्न वा उठन नसकिने ।

२. अन्य कसैको मदत बिना एक कोठाबाट अर्को कोठामा जान नसकिने ।

३. अन्य कसैको मदत बिना लुगा खोल्न वा लगाउन नसकिने ।

४. अन्य कसैको मदत बिना नुहाई धुवाई (बाथ टब वा धारामा जान र आउन समेत) गर्न नसकिने अवस्था ।

५. पाकेको खानाको लागि कुनै पनि कार्य गर्न नसकिने अवस्था ।

लागु औषधि वा मादक पदार्थको सेवनबाट भएको पार्किन्सन रोग यसमा समावेश हुने छैन ।

## Parkinson's Disease

The occurrence of Parkinson's Disease where there is an associated Neurological Deficit that results in Permanent Inability to perform independently atleast three of the activities of daily living as defined below

i. Transfer: Getting in and out of bed without requiring external physical assistance

ii. Mobility: The ability to move from one room to another without requiring any external physical assistance

iii. Dressing: Putting on and taking of all necessary items of clothing without requiring any external physical assistance

iv. Bathing/Washing: The ability to wash in the bath or shower (including getting in and out of the bath or shower) or wash by other means

v. Eating: All tasks of getting food into the body once it has been prepared

Parkinson's disease secondary to drug and/or alcohol abuse is excluded.

## अन्तिम अवस्थाको लिभरको रोग

अन्तिम अवस्थाको लिभरको रोग जसले सिरोसिस गराउछ र जसमा तलका सबै अबस्थाहरु देखा पर्छन;

(क) स्थायी जन्डिस,

(ख) एसाइट्स (पेटको भित्तामा तरल जम्ने अवस्था)

(ग) एन्सोफ्यालोप्याथी (दिमागको रोग)

(घ) पोर्टल नशा (पेट, आन्द्रा, स्प्लिन र पान्क्रियाजबाट आएर एकै नशा भई लिभरमा जाने नशा) मा हुने उच्च रक्तचाप,

लागु औषधि वा मादक पदार्थको सेवनबाट भएको लिभरको रोग यसमा समावेश हुने छैन ।

## Eng Stage Liver Disease

End stage liver disease resulting in cirrhosis and evidenced by all of the following criteria:

(a) permanent jaundice,

(b) ascites,

(c) encephalopathy,

(d) portal hypertension,

Liver disease secondary to alcohol or drug misuse is excluded.

## नशाको कार्यक्षमता न्हास हुदै जाने रोज अल्जाइमर्स

नशाको कार्यक्षमता कम हुदै गई स्थायी रुपमा नुहाउन, लुगा लगाउन/फुकाल्न, ट्वाइलेटमा प्रयोग गर्न, ओछ्यानबाट कुर्सीमा वा कुर्सीबाट ओछ्यानमा जान, आफैलाई नियन्त्रण गर्न, खान/पिउन, औषधी लिन वा रोगको कारणबाट अन्यको सहयोग लिनु परेमा र निगरानी गर्नु पर्ने अवस्थाको चिकित्सकीय परीक्षणबाट पहिचान भएमा अल्जाईमर्स रोग लागेको हुने छ ।

माथि उल्लेखित अवस्थाहरु कम्तिमा ३ महिना सम्म विद्यमान रहेको चिकित्सकीय परीक्षणबाट प्रमाणित हुनु पर्नेछ ।

## Alzheimers' Disease

Clinically established diagnosis of Alzheimer's Disease (presenile dementia) resulting in a permanent inability to perform independently three or more activities of daily living – bathing, dressing/undressing, getting to and using the toilet, transferring from bed to chair or chair to bed, continence, eating/drinking and taking medication – or resulting in need of supervision and permanent presence of care staff due to the disease.

These conditions have to be medically documented for at least 3 months.

**(ख) निम्न अनुसारका विवरण भएका तल उल्लेखित पहिलो पटक भएको शल्यकिया**

**(b) Undergoing for the first time of the following surgical procedures, more specifically described below:**

## शरीरको अत्यावश्यक मुख्य अंग/बोन म्यारोको प्रत्यारोपण

निम्न प्रकारका अगंहरुको प्रत्यारोपण (Transplant

> हाड भित्र हुने काम नलाग्ने/खराब मज्जालाई शल्यक्रियाद्वारा पूर्ण रुपमा हटाई हेम्याटोपोइटिक स्टेम सेल्स (Haematopoietic stem cells को प्रयोगद्वारा गरिने हाड भित्र हुने मज्जा (Bone Marrow) को प्रत्यारोपण वा

## Major Organ / Bone Marrow Transplant

The receipt of a transplant of

> Human bone marrow using haematopoietic stem cells preceded by a total bone marrow ablation, or

> निको नहुने गरी खराब भएको वा काम नलाग्ने भएको निम्न अनुसारका मानवीय अंगहरुको पूर्ण रुपमा गरिने प्रत्यारोपण:
मुटु, फोक्सो, लिभर, प्यान्क्रियाज वा किड्नी ।

> माथि उल्लेखित अंग प्रत्यारोपण आवश्यक भएको अवस्था विशेषज्ञ चिकित्सकद्वारा प्रमाणित हुनु पर्छ

स्टेम सेलको प्रत्यारोपण र कुनै अंगको आंशिक वा कुनै भाग मात्रको प्रत्यारोपण यस बीमामा समावेश हुने छैन ।

> One of the following whole human organs: heart, lung, liver, pancreas or kidney, as a result of irreversible end stage failure of the respective organ

> A specialist Doctor confirms the requirement of same

Other stem cell transplants and transplants of part of an organ are excluded

### मुटुको भल्व प्रतिस्थापन

मुटुको भल्वमा हुने खराबीको कारणबाट चिकित्सकीय रुपमा अत्याबश्यक भएको मुटुको भल्व प्रतिस्थापन गर्नको लागि गरिने ओपन हार्ट सर्जरी (Open Heart Surgery) । बेलुन र क्याथेटर प्रविधिको प्रयोग गरेर गरिने शल्यक्रिया यसमा समावेश हुनै छैन ।

### Heart Valve Replacement or Repair

The undergoing of medically necessary open heart surgery to replace a heart valve as a consequence of a heart valve defect. Surgeries using Balloon or catheter techniques are excluded.

### मुटुको रक्तनलीको बाइपास शल्यक्रिया

मुटुको एक वा एक भन्दा बढी नशामा रगत बग्ने स्थान सानो हुँदै जाने वा नशामा अवरोध आउने कारणबाट सो खराबीलाई हटाउन, मुटुरोग विशेषज्ञको सिफारिस र मुटुको एन्जियोग्राफीबाट आवश्यक देखिएको, पहिलो पटक भएको मुटुको नशाको बाइपास शल्यक्रिया । तर एन्जियोप्लाष्टी प्रकृयाबाट नशा फुलाउने काम वा मुटुको धमनीहरुमा गरिने उपचार वा लेजर पद्धतिद्वारा गरिने उपचारहरु समावेश हुने छैन ।

### Coronary Artery Bypass Graft

The actual undergoing for the first time of an open chest coronary artery bypass surgery to correct narrowing or blockage of one or more coronary arteries with bypass grafts provided it is recommended by cardiologist and supported with coronary angiographic evidence but excluding balloon angioplasty and/or any other intra-arterial procedures or laser relief.

### शरीरको मुख्य धमनीको शल्यक्रिया

मुटु देखि पेट सम्म जाने शरीरको मुख्य धमनीलाई रोगको कारणबाट आबश्यक भएको अवस्थामा रोगी धमनीलाई काटेर निकाली प्रतिस्थापन गर्नको लागि गरिने शल्यक्रिया । यो परिभाषाको लागि धमनी भन्नाले घाँटी देखि पेट सम्मको धमनी हो जसमा यसका शाखाहरु सामेल हुँदैन ।

दुर्घटनाको कारणबाट धमनीमा हुने घाउ वा चोटपटक यसमा समावेश हुने छैन ।

### Surgery of Aorta

The actual undergoing of medically necessary surgery for a disease of the aorta needing excision and surgical replacement of the diseased aorta with a graft. For the purpose of this definition aorta shall mean the thoracic and abdominal aorta but not its branches.

Traumatic injury of the aorta is excluded.

**(ग) तल उल्लेखित पहिलो पटक भएको स्वास्थ सम्बन्धी घटना**

**(c) Occurrence for the first time of the following medical events more specifically described below:**

### स्ट्रोक (मस्तिष्कको रक्त संचार प्रणालीमा आउने समस्या वा मस्तिष्क-घात

पहिलो पटक घटेको सेरेब्रोभास्कुलर समस्या/रोग जसले २४ घन्टा भन्दा बढी समय सम्म भइरहेको मस्तिष्क तन्तुहरुले काम नगर्ने अवस्था, रक्तस्राव र मस्तिष्क भन्दा बाहिरको स्रोतबाट रक्तसंचारमा हुने अवरोध जस्ता नशा सम्बन्धी लगातार भइरहने समस्या । यस समस्यामा निम्न अनुसारका अवस्थाहरु प्रमाणित हुन पर्दछ

> MRI, कम्प्यूटराइज्ड टोमोग्राफी वा अन्य विश्वसनीय मापन प्रविधिबाट गहन रक्तस्राव, रक्तसंचारमा अवरोध वा गर्दन

### Stroke resulting in permanent Symptoms

The first occurrence of any cerebrovascular incident producing neurological sequel lasting more than 24 hours and including infarction of brain tissue, haemorrhage and embolisation from an extra cranial source.
The following must evidence the diagnosis for the same:

> Finding on Magnetic Resonance Imaging, Computerised Tomography or any other reliable imaging techniques,

वा मस्तिष्कमा रगत जमेर हुने अवरोध प्रमाणित हुनु पर्छ ।

> कमसेकम ३ महिना सम्म कायम रहेको नशा सम्बन्धी खराबी

दुर्घटना, संक्रमण वा इन्फ्लेमेटरी (सुन्निने रोगहरुको कारणबाट हुने हल्का मस्तिष्क घात वा मस्तिष्क खराबीहरु यसमा समावेश हुने छैन ।

## शरीरको अवयवहरुको स्थायी यारालाइसिस (पक्षाधात)

मस्तिष्क वा मेरुदण्डको चोटपटक वा रोगको कारणले दुइ वा दुइ भन्दा बढी हात, खुट्टाहरु पूर्ण र स्थाई रुपमा नचल्ने हुनु । निम्न लिखित अवस्थाहरु भएमा मात्र माथि उल्लेखित रोग लागेको हुनेछ ।

> बीमितले रोग निदान र उपचारको लागि रितपूर्वक चिकित्सकीय परामर्श पालना गर्दा पनि पत्ता लागेको समयदेखि कमसेकम ६ महिना देखि रोग रहिरहेमा र

> सरकारी/मान्यता प्राप्त अस्पतालमा कार्यरत चिकित्सकबाट पूर्ण, निको नहुने र स्थायी क्षति भएको प्रमाणित हुनु पर्ने ।

आफैले जानाजान लगाएको चोटपटकको कारणबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हुने पक्षाघात यसमा समावेश हुने छैन ।

## हार्ट एक्याक [हृदयाघात (मुटुको रक्त संचार प्रणालीको समस्या ]

सम्बन्धित स्थानहरुमा अपर्याप्त रगतको आपूर्तिको कारणबाट पहिलो पटक तीक्ष्ण रुपमा भएको मुटुको तन्तुहरु अक्सिजनको कमीले आवश्यक कार्य गर्न नसक्ने गरी बेकम्मा हुने अवस्था (Myocardial Infarction जसले मुटुको मांसपेशीलाई आवश्यक कार्य गर्न नसक्ने बनाउछ ।

यस रोगको लागि निम्न अनुसारका सबै अवस्थाहरु प्रमाणित हुनु पर्दछ

> बिशिष्ट प्रकारको छाति दुख्ने अवस्थाको श्रृङ्खला

> मुटुको इलेक्ट्रोकार्डियोग्राफमा देखिने बिशिष्ट प्रकारको, नया र तिक्ष्ण रुपमा हुने मुटुको तन्तुहरु बेकम्मा हुदै जाने अवस्थामा परिवर्तन (ST-T elevation जसले Q waves को विकास तिर लान्छ,

> कार्डियाक ट्रोपोनिनको उचाई (T or I सामान्य अवस्थाको दायराको माथिल्लो सीमा भन्दा कमसेकम ३ गुणा बढी वा CPK-MB को उचाई सामान्य दायराको माथिल्लो सीमाको कमसेकम २००% भएको ।

यसमा ट्रोपोनिनको उचाई I वा T भएको non-STEMI समावेश हुने छैन । सामान्य प्रकारका एन्जाइना पेन तथा अन्य मुटु दुख्ने लक्षणहरु पनि यसमा समावेश हुने छैन ।

## अचेत भएर रहने अवस्था

(क) अचेत भएर रहने अवस्था जसमा बाह्रय घटना वा आन्तरिक आवश्यक्ताको लागि कुनै प्रतिकृया जनाउन नसक्ने र ध्यान दिन नसकिने हुन्छ । यो अवस्थाको लागि निम्न उल्लेखित सबै अवस्थाहरु बिद्यमान हुनु पर्छ ।

demonstrate a lesion consistent with the acute haemorrhage, embolism or thrombosis.

> Neurological deficit for atleast 3 months

Transient Ischaemic Attacks and/or Brain damage due to an accident, infection, vasculitis or an inflammatory disease are excluded.

## Permanent Paralysis of Limbs

Complete and permanent loss of function of two or more limbs as a result of Injury or Illness of the brain or spinal cord. Permanent loss of function of two or more limbs shall be deemed to have occurred if:

> The condition has persisted for at least 6 months from the date it was first suffered in spite of the Insured properly implementing all medical advice related to its cure, and

> A Doctor of government/recognized hospital confirm complete, irreversible and permanent loss

Paralysis resulting directly or indirectly or as a consequence of any self- inflicted injury is excluded.

## Myocardial Infarction or First Heart Attack

The first occurrence of an acute myocardial infarction leading to the death of a portion of heart muscle (Myocardium) as a result of inadequate blood supply to the relevant area.

The diagnosis for the same must be evidenced by all of the following:

> An episode of typical chest pain.

> The occurrence of a typical new acute infarction changes (ST-T elevation) on the electrocardiograph and progressing to development of pathological Q waves,

> Elevation of Cardiac Troponin (T or I) to at least 3 times the upper limit of normal reference range or an elevation in CPK-MB to at least 200% of the upper limit of the normal reference range

But excluding non-STEMI with elevation of troponin I or T. Other acute coronary syndromes including but not limited to angina or chest pain are excluded from this definition.

## Coma of Specified Severity

(A) A state of unconsciousness with no reaction or response to external stimuli or internal needs. This diagnosis must be supported by evidence of all of the following:

i. बाह्रय घटनाहरुको लागि कम्तिमा ९६ घण्टा सम्म कुनै प्रतिकृया नदिने,
ii. बाच्नको लागि अक्सिजन, रगत दिने वा अन्य उपकरणहरुको आबश्यक्ता हुने,
iii. स्थायी रुपमा नशाको कार्यक्षमतामा हुने ह्रास जुन अचेत भएको ३० दिन पछि सम्म पनि कायम रहेको

i. no response to external stimuli continuously for at least 96 hours;
ii. life support measures are necessary to sustain life; and
iii. permanent neurological deficit which must be assessed at least 30 days after the onset of the coma.

(ख) यो अवस्था विशेषज्ञ चिकित्सकले प्रमाणित गर्नु पर्नेछ । लागु औषधि वा मादक पदार्थको सेवनबाट अचेत भएमा यसमा समावेश हुने छैन ।

(B) The condition has to be confirmed by a specialist medical practitioner. Coma resulting directly from alcohol or drug abuse is excluded.

**शरीरको ५०% भन्दा भाग जलेको अवस्था**

तेस्रो बर्गमा पर्ने (पुरै छाला जल्ने) गरी शरीरको कम्तिमा ५०% भाग जलेको अवस्था ।

**Major Burns (at least 50% of body surface area)**

Third Degree burns covering at least 50% of body surface area

**पूर्ण तथा निको नहुने गरी भएको दुबै कान नसुन्ने अवस्था**

रोग वा दुर्घटनाको कारणबाट पूर्ण तथा निको नहुने गरी भएको दुबै कान नसुन्ने अवस्था । यस्तो अवस्था नाक, कान तथा घाँटी रोगको बिशेषज्ञ चिकित्सकले प्रमाणित गरेको र कानको सुन्ने क्षमताको परीक्षण गरेर प्रमाणित भएको हुनु पर्नेछ ।

**Total and irrersible loss of hearing of both ears**

Total and irreversible loss of hearing in both ears as a result of Illness or Injury. The diagnosis has to be confirmed by an ear, nose and throat specialist (ENT specialist) and proven by means of audiometry.

**पूर्ण तथा निको नहुने गरी भएको बोल्न नसक्ने अबस्था**

रोग वा दुर्घटनाको कारणबाट भोकल कर्डमा भौतिक क्षति भई पूर्ण तथा निको नहुने भएको बोल्न नसक्ने अवस्था ।

**Total and irrersible loss of Speech**

Total and irreversible loss of the ability to speak due to physical damage to the vocal chords due to Illness or Injury. The condition has to be medically documented for at least 6 months.

Annexure –I

**GROUP MEDICAL EXPENSES INSURANCE**

**TABLE OF BENEFIT**

| | BENEFITS | Maximum Sum Payable |
|---|---|---|
| A. | **HOSPITALIZATION:** | **Maximum Limit is Rs. 80,000.00 per annum** |
| B. | **DOMICILIARY TREATMENT:** | **Rs. 20,000.00 per annum** |
| i. | Fees of Medical practitioners: | |
| ii. | Consultants & Specialists fees including services of Specialists for use of diagnostic materials | |
| iii. | Nursing Charges: | |
| iv. | Medicines, Drugs & Injections: | |
| v. | Maximum limit under (i) to (iv) above | |
| C. | The maximum limit of liability under both Benefits A & B above shall be: | Rs. **100,000.00** during any one period of insurance |
| D. | Minimum Claim Amount for B category | Rs 2,500 for Domiciliary Treatment |

In case of Joint account holder, all joint holders shall be eligible to claim health insurance facility. However, it shall be on first serve basis and the total eligible amount will be as single account procedure.

**Conditions:**

| | | |
|---|---|---|
| OPD | : | Three Times |
| Hospitalization | : | Three Times |
| Abroad Hospital | : | 70 Hospitals in India and all Hospitals of Bangkok and Singapore will also be applicable. |
| Delivery Case | : | Allow only for Government and Semi-Government Hospital Treatment with limit of NPR 10,000 |

Annexure -II

Day Care Surgeries

| | |
|---|---|
| 1 | Stapedotomy |
| 2 | Stapedectomy |
| 3 | Revision Of A Stapedectomy |
| 4 | Other Operations On The Auditory Ossicles |
| 5 | Myringoplasty (Type -I Tympanoplasty) |
| 6 | Tympanoplasty (Closure Of An Eardrum Perforation/Reconstruction Of The Auditory Ossicles) |
| 7 | Revision Of A Tympanoplasty |
| 8 | Other Microsurgical Operations On The Middle Ear |
| 9 | Myringotomy |
| 10 | Removal Of A Tympanic Drain |
| 11 | Incision Of The Mastoid Process And Middle Ear |
| 12 | Mastoidectomy |
| 13 | Reconstruction Of The Middle Ear |
| 14 | Other Excisions Of The Middle And Inner Ear |
| 15 | Fenestration Of The Inner Ear |
| 16 | Revision Of A Fenestration Of The Inner Ear |
| 17 | Incision (Opening) And Destruction (Elimination) Of The Inner Ear |
| 18 | Other Operations On The Middle And Inner Ear |
| 19 | Excision And Destruction Of Diseased Tissue Of The Nose |
| 20 | Operations On The Turbinates (Nasal Concha) |
| 21 | Other Operations On The Nose |
| 22 | Nasal Sinus Aspiration |
| 23 | Incision Of Tear Glands |
| 24 | Other Operations On The Tear Ducts |
| 25 | Incision Of Diseased Eyelids |
| 26 | Excision And Destruction Of Diseased Tissue Of The Eyelid |
| 27 | Operations On The Canthus And Epicanthus |
| 28 | Corrective Surgery For Entropion And Ectropion |
| 29 | Corrective Surgery For Blepharoptosis |
| 30 | Removal Of A Foreign Body From The Conjunctiva |
| 31 | Removal Of A Foreign Body From The Cornea |
| 32 | Incision Of The Cornea |
| 33 | Operations For Pterygium |
| 34 | Other Operations On The Cornea |
| 35 | Removal Of A Foreign Body From The Lens Of The Eye |
| 36 | Removal Of A Foreign Body From The Posterior Chamber Of The Eye |
| 37 | Removal Of A Foreign Body From The Orbit And Eyeball |
| 38 | Operation Of Cataract |
| 39 | Incision Of A Pilonidal Sinus |
| 40 | Other Incisions Of The Skin And Subcutaneous Tissues |
| 41 | Surgical Wound Toilet (Wound Debridement) And Removal Of Diseased Tissue Of The Skin And Subcutaneous Tissues |
| 42 | Local Excision Of Diseased Tissue Of The Skin And Subcutaneous Tissues |
| 43 | Other Excisions Of The Skin And Subcutaneous Tissues |

| | |
|---|---|
| 44 | Simple Restoration Of Surface Continuity Of The Skin And Subcutaneous Tissues |
| 45 | Free Skin Transplantation, Donor Site |
| 46 | Free Skin Transplantation, Recipient Site |
| 47 | Revision Of Skin Plasty |
| 48 | Other Restoration And Reconstruction Of The Skin And Subcutaneous Tissues |
| 49 | Chemosurgery To The Skin |
| 50 | Destruction Of Diseased Tissue In The Skin And Subcutaneous Tissues |
| 51 | Incision, Excision And Destruction Of Diseased Tissue Of The Tongue |
| 52 | Partial Glossectomy |
| 53 | Glossectomy |
| 54 | Reconstruction Of The Tongue |
| 55 | Other Operations On The Tongue |
| 56 | Incision And Lancing Of A Salivary Gland And A Salivary Duct |
| 57 | Excision Of Diseased Tissue Of A Salivary Gland And A Salivary Duct |
| 58 | Resection Of A Salivary Gland |
| 59 | Reconstruction Of A Salivary Gland And A Salivary Duct |
| 60 | Other Operations On The Salivary Glands And Salivary Ducts |
| 61 | External Incision And Drainage In The Region Of The Mouth, Jaw And Face |
| 62 | Incision Of The Hard And Soft Palate |
| 63 | Excision And Destruction Of Diseased Hard And Soft Palate |
| 64 | Incision, Excision And Destruction In The Mouth |
| 65 | Plastic Surgery To The Floor Of The Mouth |
| 66 | Palatoplasty |
| 67 | Other Operations In The Mouth |
| 68 | Transoral Incision And Drainage Of A Pharyngeal Abscess |
| 69 | Tonsillectomy Without Adenoidectomy |
| 70 | Tonsillectomy With Adenoidectomy |
| 71 | Excision And Destruction Of A Lingual Tonsil |
| 72 | Other Operations On The Tonsils And Adenoids |
| 73 | Incision On Bone, Septic And Aseptic |
| 74 | Closed Reduction On Fracture, Luxation Or Epiphyseolysis With Osteosynthesis |
| 75 | Suture And Other Operations On Tendons And Tendon Sheath |
| 76 | Reduction Of Dislocation Under Ga |
| 77 | Arthroscopic Knee Aspiration |
| 78 | Incision Of The Breast |
| 79 | Operations On The Nipple |
| 80 | Incision And Excision Of Tissue In The Perianal Region |
| 81 | Surgical Treatment Of Anal Fistulas |
| 82 | Surgical Treatment Of Haemorrhoids |
| 83 | Division Of The Anal Sphincter (Sphincterotomy) |
| 84 | Other Operations On The Anus |
| 85 | Ultrasound Guided Aspirations |
| 86 | Sclerotherapy Etc |
| 87 | Incision Of The Ovary |
| 88 | Insufflation Of The Fallopian Tubes |
| 89 | Other Operations On The Fallopian Tube |

| | |
|---|---|
| 90 | Dilatation Of The Cervical Canal |
| 91 | Conisation Of The Uterine Cervix |
| 92 | Other Operations On The Uterine Cervix |
| 93 | Incision Of The Uterus (Hysterotomy) |
| 94 | Therapeutic Curettage |
| 95 | Culdotomy |
| 96 | Incision Of The Vagina |
| 97 | Local Excision And Destruction Of Diseased Tissue Of The Vagina And The Pouch Of Douglas |
| 98 | Incision Of The Vulva |
| 99 | Operations On Bartholin'S Glands (Cyst) |
| 100 | Incision Of The Prostate |
| 101 | Transurethral Excision And Destruction Of Prostate Tissue |
| 102 | Transurethral And Percutaneous Destruction Of Prostate Tissue |
| 103 | Open Surgical Excision And Destruction Of Prostate Tissue |
| 104 | Radical Prostatovesiculectomy |
| 105 | Other Excision And Destruction Of Prostate Tissue |
| 106 | Operations On The Seminal Vesicles |
| 107 | Incision And Excision Of Periprostatic Tissue |
| 108 | Other Operations On The Prostate |
| 109 | Incision Of The Scrotum And Tunica Vaginalis Testis |
| 110 | Operation On A Testicular Hydrocele |
| 111 | Excision And Destruction Of Diseased Scrotal Tissue |
| 112 | Plastic Reconstruction Of The Scrotum And Tunica Vaginalis Testis |
| 113 | Other Operations On The Scrotum And Tunica Vaginalis Testis |
| 114 | Incision Of The Testes |
| 115 | Excision And Destruction Of Diseased Tissue Of The Testes |
| 116 | Unilateral Orchidectomy |
| 117 | Bilateral Orchidectomy |
| 118 | Orchidopexy |
| 119 | Abdominal Exploration In Cryptorchidism |
| 120 | Surgical Repositioning Of An Abdominal Testis |
| 121 | Reconstruction Of The Testis |
| 122 | Implantation, Exchange And Removal Of A Testicular Prosthesis |
| 123 | Other Operations On The Testis |
| 124 | Surgical Treatment Of A Varicocele And A Hydrocele Of The Spermatic Cord |
| 125 | Excision In The Area Of The Epididymis |
| 126 | Epididymectomy |
| 127 | Reconstruction Of The Spermatic Cord |
| 128 | Reconstruction Of The Ductus Deferens And Epididymis |
| 129 | Other Operations On The Spermatic Cord, Epididymis And Ductus Deferens |
| 130 | Operations On The Foreskin |
| 131 | Local Excision And Destruction Of Diseased Tissue Of The Penis |
| 132 | Amputation Of The Penis |
| 133 | Plastic Reconstruction Of The Penis |
| 134 | Other Operations On The Penis |
| 135 | Cystoscopical Removal Of Stones |

| | |
|---|---|
| 136 | Lithotripsy |
| 137 | Coronary Angiography |
| 138 | Haemodialysis |
| 139 | Radiotherapy For Cancer |
| 140 | Cancer Chemotherapy |
| 141 | Foreign body removal from nose |
| 142 | Trauma surgery |
| 143 | Endoscopic polypectomy |
| 144 | Surgery for ligament tear |
| 145 | Surgery for meniscus tear |
| 146 | Surgery for hemoarthrosis/pyoarthrosis |
| 147 | Removal of fracture pins/nails |
| 148 | Epiphyseolysis with osteosynthesis |
| 149 | Removal of metal wire |
| 150 | Endoscopic polypectomy |

Annexure -III

CRITICAL ILLNESS EXPENSES INSURANCE

**TABLE OF BENEFIT**

| | BENEFITS | Maximum Sum Payable |
|---|---|---|
| **A.** | **Critical Illness Insurance for Wonder Women Saving Account Holder** | **Maximum Limit is Rs. 500,000 per person** |
| i. | Maximum no. of claimant – 1000 during policy period | |
| ii. | The critical illness facility shall be 10 (ten) times of 25% of weighted average deposit during last 365 days of account holder or NPR 5,00,000 whichever is lower. | |

**18 critical diseases under Critical Illness are:**

| | |
|---|---|
| 1 | Cancer |
| 2 | End stage Renal Failure requiring regular Dialysis |
| 3 | Multiple Sclerosis with persisting Symptoms |
| 4 | Beginning Brain Tumor |
| 5 | Parkinson's Disease |
| 6 | End stage Liver disease |
| 7 | Alzheimer's Disease |
| 8 | Major Organ/Bone Marrow Transplant |
| 9 | Heart Valve Replacement or Repair |
| 10 | Coronary Artery Bypass Graft |
| 11 | Surgery of Aorta |
| 12 | Stroke resulting in permanent symptoms |
| 13 | Permanent Paralysis of Limbs |
| 14 | Myocardial Infraction of first heart attack |
| 15 | Coma of specified severity |
| 16 | Major burns (at least 50% of body surface area) |
| 17 | Total and Irreversible loss of speech |
| 18 | Total and Irreversible loss of hearing in both ears |

Annexure -IV

ACCIDENTIAL INSURANCE

**TABLE OF BENEFIT**

| | BENEFITS | Maximum Sum Payable |
|---|---|---|
| | | |
| A. | <u>Accidental Insurance for All Saving Account Holder</u> (except Orange Savings Plus, Subhavara Laxmi and Elegant Savings account holder) | **Maximum Limit NPR. 500,000 per person or 4 times of preceding day balance whichever is lower.** |
| B. | <u>Accidental Insurance for</u> Orange Savings Plus, Subhavara Laxmi and Elegant Savings account holder. | **Maximum Limit NPR 10,00,000 per person.** |

**Eligible Criteria:**

1. **If the customer is permanently/partially disable.**
2. **If the customer is dead due to accident.**

| **Benefits, Criteria and Sum Payable** | | |
|---|---|---|
| **SN** | **Benefits** | **Sum Payable (of Sum Insured)** |
| 1 | Death | 100% |
| 2 | Permanent Total Disablement (PTD) | 100% |
| 3 | Permanent Partial Disablement (PPD) | 50% |
| 4 | In case of any other physical damage | Percentage determined by the concerned physical specialist with proportionate manner on the sum. |

Annexure -V

**Exclusions**

a. Medical claim where amount is less than NPR 2,500 under domiciliary treatment (OPD treatment).

b. Insanity, Intentional self-injury or attempted suicide, dissipation or drunkenness, use of intoxicating drugs or liquors.

c. Routine eye test, optical and routine dental treatment, artificial teeth and hearing aid.

d. Beauty treatment or beauty cream.

e. Miscarriage or abortion or pregnancy. However, delivery case shall be eligible.

f. Expenses incurred in Homeopathy other than Jaundice based.

g. Ayurvedic Treatment Prescribed by other than registered Ayurvedic Medical Practitioner as per Nepalese law.

h. Expenses incurred due to war invasion act or while life assured is serving as member of any defense police or national security force except group accident.

i. Venereal or sexually transmitted disease, AIDS or AIDs related complex and / or any illness arising as complications from these conditions.

j. Routine checkup of Hypertension, Diabetes and Thyroid. However, claim before diagnosis is eligible.

k. Expenses for any type of liquid vitamin other than as may be necessitated due to an accident.

l. Coverage of any type of vaccination.

m. Pre-existing disease and pre-existing critical illness.